संयुक्त राष्ट्रसंघको बाल अधिकार सम्बन्धी महासन्धी कार्यन्वयन गर्न सार्वजनिक परामर्श

**********************************************************************

संवैधानिक र मेनल्याण्ड अफे ब्यूरो (CMAB) ले हङकङ विशेष प्रशासनिक क्षेत्र (HKSAR) मा संयुक्त राष्ट्रसंघको बाल अधिकार सम्बन्धी महासन्धी (द कन्वेन्शन) को कार्यन्वयन बारे आज (फेब्रुअरी 23) बाट जनताको रायहरु आमन्त्रण गर्दछ।

यस महासन्धी अन्तर्गत सेन्ट्रल पिपल्स गर्भमेन्टले (CPG) चीनको संयुक्त रिपोर्ट पाचौं तथा छैठौं रिपोर्ट पेश गर्नेछ। HKSAR सरकारले जनवादी गणतन्त्र चीनको रिपोर्टको अंशको रुपमा HKSAR मा महासन्धी कार्यान्यवनको समावेश बारे आफ्नो रिपोर्ट CPG लाई पेश गर्नेछ।

स्थापित अभ्यास अनुसार, सरकारले सम्बन्धित मुद्दाहरुमा सार्वजनिक टिप्पणीहरु बारे सहज बनाउन रिपोर्टमा समावेश गरिने विषयवस्तुहरुको एक रुपरेखा तयार पारेको छ। यो रिपोर्टको सारांशको प्रतिलिपिहरु गृह मामिला सोधपुछ केन्द्रहरुको जिल्ला कार्यालयहरुबाट प्राप्त गर्न सकिन्छ। यो CMAB को वेबसाइट www.cmab.gov.hk मा पनि उपलब्ध छ।

“जनसमुदायका सदस्यहरुले यस विषयहरुको रुपरेखाको सन्दर्भमा महासन्धी कार्यान्यवनको समावेश बारे वा HKSAR को रिपोर्टमा थप गर्न जरुरी देखिएको कुनै पनि विषयहरु छन् भने यसै वर्षको अप्रिल 9 भित्र आफ्नो विचारहरु पेश गर्न सक्छन्। रिपोर्ट तयार गर्दा हामीले प्राप्त गरेको सबै टिप्पणीहरु र सुझावहरु ध्यानपूर्वक विचार गर्नेछौं,” CMAB को प्रवक्ताले भने।

जनसमुदायका सदस्यहरु जो कोहिले आफ्नो विचारहरु व्यक्त गर्न ईच्छुक भएमा उनीहरुले Constitutional and Mainland Affairs Bureau (Team 5) , 12/F, East Wing, Central Government Offices, 2 Tim Mei Avenue, Tamar मा पत्राचार गर्न सक्छन्; वा फ्याक्सद्वारा 2840 0657 मा बुझाउन सक्छन्, वा crc_consultation@cmab.gov.hk मा ईमेल पठाउन सक्छन्।

[यो कागजात चिनियाँ/ अंग्रेजीबाट अनुवाद गरिएको हो। यदि चिनियाँ/अंग्रेजी र अनुवादित सं स्करण बीच कुनै एकरुपता नर्एमा, चिनियाँ / अं ग्रेजी सं स्करण कायम रहनेछ।]